लुङ्ग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बेडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
९८५७८२४५६६


पत्र संख्याः २०८२/०८३
सूचना नम्बरः १०७

## "चौथो अध्यक्ष कप खेलकुद प्रतियोगिता, २०८३" सञ्चालन सम्वन्धी संशोधित सूचना ।

(सूचना प्रकाशन मितिः २०८२/१२/२६)

लुङ्ग्री गाउँपालिकाको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा लुङ्ग्री गाउँ कार्यपालिकाको १३ औं कार्यपालिका बैठकको निर्णय अनुसार **"चौथो अध्यक्ष कप खेलकुद प्रतियोगिता, २०८३"** देहाय बमोजिम सञ्चालन हुने भएकाले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**देहायः**

१. **मितिः** २०८३/०१/०४ गते (उद्‌घाटन समारोह)
२. **समयः** अपराण्ह १२:०० बजे
३. **स्थानः** लुङ्ग्री गाउँपालिका - ५, खारखोला खेलमैदान, रोल्पा
४. **टिम दर्ता गर्ने अन्तिम मितिः** २०८३/०१/०२ गते कार्यालय समय (५:०० बजे) सम्म
५. **सञ्चालन हुने खेलहरुः**

| क्र.सं. | खेलको नाम | पुरस्कार | | | | खेलाडी संख्या |
|---|---|---|---|---|---|---|
| | | विजेता | उपविजेता | सेमिफाइनलिस्ट | उत्कृष्ट खेलाडी | |
| १ | पुरुष भलिवल | ५०,०००/- (कप, मेडल र प्रमाणपत्र) | ३०,०००/- (मेडल र प्रमाणपत्र) | २०,०००/- (मेडल र प्रमाणपत्र) | सेटर, स्पाइकर लाई नगद रु. २,००० (ट्रफी, मेडल, प्रमाणपत्र) | टिमकोच सहित बढीमा १० जना |
| २ | महिला भलिवल | ५०,०००/- (कप, मेडल र प्रमाणपत्र) | ३०,०००/- (मेडल र प्रमाणपत्र) | २०,०००/- (मेडल र प्रमाणपत्र) | सेटर, स्पाइकर लाई नगद रु. २,००० (ट्रफी, मेडल, प्रमाणपत्र) | टिमकोच सहित बढीमा १० जना |
| ३ | पुरुष फुटबल | ५०,०००/- (कप, मेडल र प्रमाणपत्र) | ३०,०००/- (मेडल र प्रमाणपत्र) | २०,०००/- (मेडल र प्रमाणपत्र) | उत्कृष्ट गोलकिपर, डिफेण्डर र स्ट्राइकरलाई नगद रु. २,००० (ट्रफी, मेडल, प्रमाणपत्र) | टिमकोच सहित बढीमा १५ जना |
| ४ | पुरुष क्रिकेट | ५०,०००/- (कप, मेडल र प्रमाणपत्र) | ३०,०००/- (मेडल र प्रमाणपत्र) | २०,०००/- (मेडल र प्रमाणपत्र) | उत्कृष्ट ब्याटर र बलरलाई नगद रु. २,००० (ट्रफी, मेडल, प्रमाणपत्र) | टिमकोच सहित बढीमा १५ जना |
| ५ | ब्याडमिन्टन (डबल) | १०,०००/- (कप, मेडल र प्रमाणपत्र) | ६,०००/- (मेडल र प्रमाणपत्र) | ४,०००/- (मेडल र प्रमाणपत्र) | उत्कृष्ट खेलाडीलाई नगद रु. २,००० (ट्रफी, मेडल र प्रमाणपत्र) | प्रत्येक टिममा २ जना |

क्रमशः........

अनिल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

६. टिम दर्ताको लागि आवश्यक कागजातहरु:

१. तोकिएको ढाँचामा सहभागी दर्ता फाराम,
२. नागरिकता वा जन्मदर्ताको प्रतिलिपि,
३. सम्बन्धित वडाको सिफारिस,
४. सम्बन्धित संस्था, क्लव वा समूहको आधिकरीक पत्र,
५. कर्मचारीको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपि ।

७. अध्यक्ष कप खेलकुद प्रतियोगिताको नियमहरु:

१. सम्पूर्ण खेलहरु नकआउट विधिबाट सञ्चालन हुनेछ,
२. खेलमा सहभागी हुने खेलाडीको नाम सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित युवा क्लव/समूहको आधिकारीक पत्र, आफ्नो परिचय खुल्ने कागजात र तोकिएको ढाँचामा व्यक्तिगत विवरण सहित मिति २०८३ बैशाख २ गते कार्यालय समय (५:०० बजे) भित्र दर्ता गराउनुपर्नेछ,
३. प्रत्येक खेलको लागि प्रत्येक युवा क्लव/समूहबाट १ पुरुष र १ महिला टिममात्र सहभागी हुन पाइनेछ,
४. खेलमा सहभागी हुने खेलाडीहरु अनिवार्य जर्सीमा सहभागी हुनुपर्नेछ,
५. खेलाडीहरुको खान, बस्न र यातायातको व्यवस्था सम्बन्धित युवा क्लव/समूह आँफैले गर्नुपर्नेछ,
६. ब्याडमिन्टन खेलका लागि लुङ्ग्री गाउँपालिकाको स्थायी बासिन्दा वा लुङ्ग्री गाउँपालिका भित्र सरकारी, निजी एवं विभिन्न निकायमा कार्यरत कर्मचारी तथा लुङ्ग्री गाउँपालिका भित्र व्यवसाय गरी बसोबास गरेको हुनुपर्नेछ,
७. ब्याडमिन्टन खेल मेन्स डबल नक आउट खेलाईनेछ,
८. सम्पूर्ण खेलाडीहरु २०८३ बैशाख ४ गते बिहान ९ बजे अनिवार्य आयोजकको सम्पर्कमा आई खेल मैदानमा उपस्थित हुनुपर्नेछ तथा मार्चपासमा सहभागी नहुने टिम/खेलाडीलाई सहभागी गराइने छैन,
९. खेलमा कुनै प्रकारको विवाद आएमा रेफ्री र आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

पुनश्च:

सहभागिता फाराम वेभसाइटमा अपलोड गरिएको छ, साथै थप जानकारीको लागि गणेश पुन (समन्वय संयोजक): ९८६६८७२३०५, विकास घर्तीमगर (व्यवस्थापक): ९८६८६६५७३७, भेष बहादुर बिष्ट (शिक्षा शाखा प्रमुख): ९८४७८९१५०१ र सुन्दरबहादुर घर्ती (फोकल कर्मचारी): ९८५७८६६८९२

(अनिल रिजाल)
प्रमुख प्रशासकीय अधिकृत